# स्वतः प्रकाशन

## (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को

नियम ३ बमोजिम

२०८० साल बैशाख, जेष्ठ, असार  मसान्त सम्मको कार्य प्रगति सार्वजनिक गरिएको विवरण




गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य  मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र

# स्याङ्जा

विषय-सूची


| सि.नं. | विवरण |
|---|---|
| १ | कार्यालयको स्वरूप र प्रकृति |
| २ | कार्यालयको काम, कर्तव्य र अधिकार |
| ३ | कर्मचारीको संख्या, कार्य विवरण दरबन्दी विवरण |
| ४ | कार्यालयबाट प्रदान गरिने सेवा: |
| ५ | सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकार |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी |
| ९ | सम्पादन गरेको कामको विवरण |
| १० | सूचना अधिकारी र प्रमुखको नाम र पद |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सुची:<br>प्रमुख नीति तथा रणनीतिहरु: |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण |
| १३ | तोकिए बमोजिम अन्य विवरण: |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएसो को विवरण: |
| १५ | सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण: |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति: |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि: |
| १९ | सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को विवरण: |

# सूचनाको हकसम्बन्धी ऐन २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम:-

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र,स्याङ्जा

कार्यालय कोड नं. ३५५०८४३०१४

पुतली बजानर नगरपालिका वडा नं. ३ स्याङ्जा

सूचना सार्वजनिक गरेको अवधि:-

**मिति २०८० साल बैशाख महिना देखि असार मसान्त सम्मको**

## १. कार्यालयको स्वरूप र प्रकृति:

स्वस्थ व्यक्तिको स्वास्थ्यको सुरक्षा एवं सम्वर्द्धन तथा रोगीको रोग निवारणका लागि विश्वमा प्रचलित अनेकौ चिकित्सा पद्धति मध्ये आयुर्वेद प्राचिनतम चिकित्सा पद्धति हो । यो प्रकृतिपदत्त जडिबुटि लगायतका स्रोत साधनको दिगो सदुपयोगद्वारा व्यत्तिगत एवं सामाजिक रुपमा स्वस्थ, सुखी हितकर एवं सार्थक दीर्घ जीवन जीउन त्रिकालदर्शी महर्षिहरुद्वारा प्रतिपादित तथा परिपोषित अनुपम जीवन–विज्ञान हो । त्यसैले यो हिमालयको काखमा अवस्थित प्राकृतिक सम्पदा सम्पन्न नेपालमा वैदिक काल देखि हाल सम्म सफलतापूर्वक चलि आएको गौरावमय परम्परा र आफ्नै मौलिक चिकित्सा पद्धति हो ।

देशको प्राकृतिक स्रोतलाई अधिकाधिक परिचालन गरी जनतालाई उपचारात्मक र प्रबर्द्धनात्मक, प्रभावकारी, सुलभ र अपेक्षाकृत निरापद चिकित्सा सेवा प्रदान गर्ने परिप्रेक्ष्यमा आयुर्वेदको संरक्षण, सुदृढिकरण र यसको सर्वाङ्गिण विकास गर्ने उद्धेश्यले नेपाल सरकारले राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२ तयार गर्‍यो र सो अनुरुप प्रत्येक जिल्ला सदरमुकामा १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र प्रत्येक ५ गा.वि.स.को वीचमा १ आयुर्वेद औषधालय एवं प्रत्येक विकास क्षेत्रमा क्षेत्रिय आयुर्वेद चिकित्सालय स्थापना गर्ने लक्ष्य लिएको थियो । सो नीतिको उद्धेश्य पूरा गर्न वि.सं २०५४ सालमा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्याङ्जाको स्थापना भयो । जिल्लाका विभिन्न भेगमा रहेका आयुर्वेद औषधालयहरुको प्रशासनिक एवं प्राविधिक कार्यको रेखदेख गर्ने र ती औषधालयको प्रेषण केन्द्र को रुपमा रहने गरी स्थापना भएका यस केन्द्रले आफ्नो स्थापनाकाल देखि स्याङ्जा जिल्लामा आयुर्वेद स्वास्थ्य सेवा पुर्‍याउदै आएको सर्वविदित्त नै छ । यस केन्द्र अन्तरगत ७ वटा आयुर्वेद औषधालयहरु छन् र नागरिक आरोग्य सेवा केन्द्रहरु ४ वटा स्थापना भएका छन । हाल जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा प्रदेश सरकार अन्तरगत र औषधालयहरु स्थानिय निकाय अन्तरगत सञ्चालित् छन् ।

स्याङ्जा जिल्लामा आयुर्वेद सस्थाहरुः

१ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको विवरण ।

| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | ठेगाना | | | | स्थापना मिति |
|---|---|---|---|---|---|
| | जिल्ला | पालिका | वडा नं. | टोल | |
| | स्याङ्जा | पुतलीबजार नगरपालिका | ३ | हस्पिटल चोक | २०५४ |

# आयुर्वेद औषधालयहरुको विवरण

| आयुर्वेद औषधालयहरु को विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | औषधालयको नाम | ठेगाना | | | | स्थापना मिति |
| | | जिल्ला | पालिका | वडा नं. | टोल | |
| १ | खहरेधनुबाँसे आयुर्वेद औषधालय | स्याङ्जा | वालिङ नगरपालिका | १ | त्रिरासी | २०४२ |
| २ | खिलुङदेउराली आयुर्वेद औषधालय | स्याङ्जा | भिरकोट नगरपालिका | ७ | गेजवास | २०५९ |
| ३ | अर्जुनचौपारी आयुर्वेद औषधालय, | स्याङ्जा | अर्जुनचौपारी गाँउपालिका | १ | अर्जुनचौपारी बजार | २०३८ |
| ४ | आरुचौर आयुर्वेद औषधालय | स्याङ्जा | अर्जुनचौपारी गाँउपालिका | ५ | तालपोखरी | २०२० |
| ५ | कुवाकोट आयुर्वेद औषधालय | स्याङ्जा | चापाकोट नगरपालिका | १० | बेलटारी | २०७२।०३।०९ |
| ६ | रत्नपुर आयुर्वेद औषधालय | स्याङ्जा | चापाकोट नगरपालिका | ८ | क्वामी | २०४० |
| ७ | साँखर आयुर्वेद औषधालय | स्याङ्जा | चापाकोट नगरपालिका | ७ | केलादीघाट | २०५७ |
| ८ | गल्याङ आयुर्वेद औषधालय | स्याङ्जा | गल्याङ नगरपालिका | | | गल्याङ नगरपालिकाद्वारा स्थापना |
| जम्मा आयुर्वेद औषधालयको संख्या - ८ | | | | | | |

## नागरिक आरोग्य सेवा केन्द्रको विवरण

नागरिक आरोग्य कार्यक्रम संचालन निर्देशिका-२०७६ बमोजिम आ.व २०७७/७८ को संघ सशर्त अनुदान तर्फको कार्यक्रम अनुसार यस स्याङ्जा जिल्लाका आयुर्वेद स्वास्थ्य संस्था नभएका स्थानीय तहहरुसंग समन्वय गरी एक केन्द्रमा १ कविराज/वैद्य र १ कार्यालाय सहयोगी रहने गरी ३ वटा नागरिक आरोग्य सेवा केन्द्रहरु र आ.ब. २०७८।०७९ मा १ नागरिक आरोग्य सेवा केन्द्र गरी जम्मा ४ वटा तपसिल बमोजिम स्थापना गरिएको छ।

| क्र.स. | विवरण | जिल्ला | पालिका | स्थान | | स्थापना मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | वडानं. | टोल | | |
| १ | नागरिक आरोग्य सेवा केन्द्र, आँधिखोला | स्याङ्जा | आँधिखोला गाँउपालिका | २ | चिलाउने वास | २०७७।१२।१० | |
| २ | नागरिक आरोग्य सेवा केन्द्र, विरुवा | स्याङ्जा | विरुवा गाँउपालिका | १ | विरुवा वजार | २०७७।१२।१२ | |
| ३ | नागरिक आरोग्य सेवा केन्द्र, कालीगण्डकी | स्याङ्जा | कालीगण्डकी गाँउपालिका | ४ | बिर्घा | २०७७।१२।१६ | |
| ४ | नागरिक आरोग्य सेवा केन्द्र, हरिनास | स्याङ्जा | हरिनास गाँउपालिका | ६ | दग्दी, क्याक्मी | २०७८।१२।१० | |

**दरबन्दी विवरण**

| क्र.स. | पद | तह | दरबन्दी संख्या |
|---|---|---|---|
| १ | आयुर्वेद चिकित्सक | आठौ तह | १ |
| २ | कविराज/कविराज निरिक्षक/वरिष्ठ कविराज निरिक्षक | ५,६,७ तह | १ |
| ३ | बैद्य/वरिष्ठ बैद्य/बैद्य निरिक्षक | ४,५,६ तह | २ |
| ४ | लेखापाल(रा.प.अनं.प्र.) | | १ |
| ५ | कार्यालय सहयोगी/ औषधि कुटुवा | | २ |
| | जम्मा ........................................................................................ | | ७ (सात जना) |

## दरबन्दी विवरण

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
**आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग**
टेकु, काठमाडौं

☎ ४२६९९१०
४२६९९११
४२६९४६९
फ्याक्स ४२६९९१२

पत्र संख्या : २०७६।०७७
चलानी नम्बर : ८५

मिति : २०७६।०५।१५

विषय : दरबन्दी विवरण सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा अंचल आयुर्वेद औषधालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालयहरूको निम्न बमोजिम दरबन्दी कायम रहेको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

**तपसिल**

**अंचल आयुर्वेद औषधालय**

| | |
|---|---|
| १) आयुर्वेद चिकित्सक (आठौं तह) | १ जना |
| २) कविराज/कविराज निरीक्षक/वरिष्ठ कविराज निरीक्षक (५,६,७ तह) | १ जना |
| ३) वैद्य/वरिष्ठ वैद्य/वैद्य निरीक्षक (४,५,६ तह) | १ जना |
| ४) ले.पा./स.ले.पा.(रा.प.अनं.प्र./द्वितीय) | १ जना |
| ५) का.स./औषधी कुटुवा | १/१ जना |
| | जम्मा ६ (छ) जना |

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र**

| | |
|---|---|
| १) आयुर्वेद चिकित्सक (आठौं तह) | १ जना |
| २) कविराज/कविराज निरीक्षक/वरिष्ठ कविराज निरीक्षक (५,६,७ तह) | १ जना |
| ३) वैद्य/वरिष्ठ वैद्य/वैद्य निरीक्षक (४,५,६ तह) | २ जना |
| ४) ले.पा./स.ले.पा.(रा.प.अनं.प्र./द्वितीय) | १ जना |
| ५) का.स./औषधी कुटुवा | १/१ जना |
| | जम्मा ७ (सात) जना |

**आयुर्वेद औषधालय**

| | |
|---|---|
| १) कविराज/कविराज निरीक्षक/वरिष्ठ कविराज निरीक्षक (५,६,७ तह) | १ जना |
| २) वैद्य/वरिष्ठ वैद्य/वैद्य निरीक्षक (४,५,६ तह) | १ जना |
| ३) का.स./औषधी कुटुवा | १/१ जना |
| | जम्मा ४ (चार) जना |

.........................
लाल बहादुर श्रेष्ठ
शाखा अधिकृत

*"राज्यको सबै तहमा स्वास्थ्य सेवाको पूर्वाधार, गुणस्तरीय र जनमुखी स्वास्थ्य सेवा, सम्बृद्धि एव दिगो विकासको आधार"*

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

- मातहतका औषधालयहरुको प्राविधिक, प्रशासनिक कार्यको सुपरिवेक्षण अनुगमन तथा मूल्यांकन गरी सेवाको स्तर सम्बन्धी कार्य गर्ने  र सो को अभिलेख तयार गरी क्षेत्रीय/ विभागमा प्रतिवेदन पेश गर्ने ।
- आधिकारिक स्थानीय  जडिबुटी  तथा अन्य स्रोतका परिचालन गरी औषधी निर्माण एवं सेवा प्रदान गर्ने ।
- साथै मातहतमा रहेका औषधी उत्पादन इकाइ (Rural Pharmacy) को रेखदेख र संचालनको व्यवस्था मिलाउने ।
- केन्द्रमा आएका र अन्य स्थानबाट प्रेषण गरिएको बिरामीहलाई चिकित्सा सेवा पुऱ्याउने  । प्रेषण गर्नु पर्ने बिरामीलाई साधन सम्पन्न स्थानमा प्रेषण गर्ने ।
- स्तनपायी आमालाई स्तन्यबर्धक(दुध आउनें) औषधी जेष्ठ नागरिकलाई रसायन औषधी वितरण र योग तथा पञ्चकर्म सम्बन्धी सेवाहरु सञ्चालन गर्ने ।
- आ– आफ्नो परिसरमा नमूना जडिबुटी उद्यान बनाउने ।
- नेपाल र अन्य स्रोतबाट प्राप्त औषधीहरुको सुव्यवस्थित ढंगबाट वितरण गर्नु गराउनु पर्ने र सो को अभिलेख अध्यावधिक राख्ने ।
- जडिबुटीको  सरंक्षण, औषधी निर्माण र परम्परागत चिकित्सा कार्यहरुको ज्ञान सीपको विकास गर्न स्थानीय सम्बन्धित निकायहरुसँग समन्वय  गरी स्थानीय गोष्ठीको व्यवस्था मिलाउने ।
- स्थानीय जडिबुटी लगत  तथा हर्वेरियम तयार गर्ने,  गराउने । सो को साथै अन्य अभिलेखहरुको  तथ्याँक क्षेत्रिय/ विभागमा पठाउने ।
- स्वास्थ्य सम्बर्दनका लागि उचित सल्लाह एवं रोगबाट बच्ने उपायहरुद्वारा समाजमा स्वास्थ्य सम्बन्धी जनचेना जगाउने ।
- विभिन्न  किसिमका संक्रामक रोगहरुबाट बच्ने उपायहरुको बारेमा स्वास्थ्य सल्लाह प्रदान गर्ने र तिनीहरुको सम्बन्धित निकायमा नियन्त्रणमा सहयोग पुऱ्याउने ।
- गाँउघर शहरी क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रम संचालन गर्ने

## ३. कर्मचारी संख्या

| सि.नं | नाम, थर | संकेत नं. | पद/तह | मोबाइल नं. | ईमेल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डा.उत्सव पौडेल | - | आयुर्वेद चिकित्सक | ९८४००१०३१८ | poudelutsav78@gmail.com | छात्रवृद्धि करार |
| २ | देवेन्द्र आचार्य | 185044 | वरिष्ठ कविराज निरीक्षक/सातौ तह | 984269616 | acharyadevendra30@gmail.com | स्थायी |
| ३ | हरि प्रसाद मरासिनी | 200430 | लेखापाल | 9846134953 | Harimarasini30@gmail.com | स्थायी |
| ४ | शेर बहादुर गुरुङ | 186148 | बैद्य निरीक्षक/छैठौ तह | 9846096035 | sherbadur.gurung@gmail.com | स्थायी |
| ५ | राजु प्रसाद पौडेल | १८३९४७ | बैद्य निरीक्षक/छैठौ तह | 9857626531 | prajuprasad2033@gmail.com | स्थायी |
| ६ | मञ्जु अर्याल | - | ल्याब टेक्निसियन | ९८६७२९६७७७ | | करार |
| ७ | पवित्रा ढकाल | 174658 | कार्यालय सहयोगी | 9846086373 | | स्थायी |
| ८ | तिल कुमारी कुमाल | - | कार्यालय सहयोगी | ९८१६१३००४३ | | करार |
| ९ | हरि कृष्ण मरासिनी | - | अभ्याङ्ग कर्ताः | ९८६३९३८५०४ | | करार |

## ४. कार्यालयबाट प्रदान गरिने सेवा:

**जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र,स्याङ्जाले प्रदान गर्ने  सेवाहरू**

नियमित सेवा र कार्यक्रम

उपचारात्मक :

- बहिरंग सेवा (Opd)– विरामीहरुको स्वास्थ्य परीक्षण
- पञ्चकर्म/पूर्वकर्म सेवा सञ्चालन
- निःशुल्क औषधी वितरण -नेपाल र अन्य स्रोतबाट प्राप्त औषधीहरुको सुव्यस्थित ढंगबाट वितरण गर्नु गराउनु पर्ने र सो को अभिलेख अध्यावधिक राख्ने
- परामर्श सेवा–स्वास्थ्य सम्बर्दनका लागि उचित सल्लाहरु एवं रोगबाट बच्ने उपायहरुद्वारा समाजमा स्वास्थ्य सम्बन्धी जनचेना जगाउने
- केन्द्रमा आएका र अन्य स्थानबाट प्रेषण गरिएको बिरामीहलाई चिकित्सा सेवा पुऱ्याउने । प्रेषण गर्नु पर्ने बिरामीलाई साधन सम्पन्न स्थानमा प्रेषण गर्ने

निदानात्मकसेवा सञ्चालन (ल्याब) प्रयोगशाला :

**सेवामूलक तथा सचेतनामूलक कार्यक्रम अन्तर्गत-**

- जेष्ठ नागरिकको लागि स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम तथा ज्येष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम
- स्तनपायी आमाका लागि स्तन्यवर्धक आयुर्वेद औषधि वितरण
- स्वस्थ जीवन कार्यक्रम,तथा स्वास्थ्य प्रवर्दनका लागि जीवनशैलि परिवर्तन कार्यक्रम तथा योग
- स्थानीय जडीबुटी रोपण तथा लगत संकलन
- निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा शिविर
- चूर्ण औषधि निर्माण
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम
- आयुर्वेद सम्बन्धी सूचनामुलक सामाग्री उत्पादन प्रकाशन तथा प्रशारण
- जडिबुटीसम्बन्धी जनचेतनामूलक कार्यक्रम,

- स्थानीय परम्परागत स्वास्थ्यकर्मीसँग अन्तरक्रिया कार्यक्रम
- अत्यावश्यक आयुर्वेद औषधि खरिद,
- महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखिकरण
- संगठित रुपमा योग सञ्चालन (Corporate Yoga)
- आयुर्वेद र योग संबन्धि दिवस  राष्ट्रिय आरोग्य :दिवस तथा धन्वन्ती जयन्ती,  राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय दिवस  नागरिक आरोग्य कार्यक्रम संचालन
- आयुर्वेद सेवा कार्यक्रम सम्बन्धी समन्वयात्मक वार्षिक गोष्ठी

## ५. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी:

| क्र स | उपलब्ध सेवा सुविधा | सेवा ग्राहीले पुऱ्याउनु पर्ने प्रमाण र प्रकृया | लाग्ने समय | जिम्मेवार शाखा तथा कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|
| १. | विरामीको नाम दर्ता | विहान १० बजे देखि २ बजे सम्म शुक्रबार १० देखि १२ बजे सम्म | तुरुन्त | सम्बन्धित शाखा तथा कर्मचारी | |
| २. | स्वास्थ्य परिक्षण तथा उपचार सेवा | नाम दर्ता गरी स्वास्थ्य परिक्षण शाखामा सम्पर्क गर्ने | तुरुन्त | चिकित्सक/ वरिष्ठ कविराज निरिक्षक /कविराज निरीक्षक/कविराज | |
| ३. | औषधी वितरण सेवा | स्वास्थ्य परिक्षण गराई औषधी वितरण शाखामा सम्पर्क गर्ने | तुरुन्त | बैद्य/वरिष्ठ बैद्य /बैद्य निरिक्षक | |
| ४ | पञ्चकर्म सेवा | स्वास्थ्य परिक्षण गराई चिकित्सकको सिफारिस पत्र सहित पञ्चकर्म शाखामा सम्पर्क गर्ने | तुरुन्त | पञ्चकर्म शाखाका प्राविधिक कर्मचारी | |
| ५. | प्रयोगशाला सेवा(Lab) | स्वास्थ्य परिक्षण गराई चिकित्सकको सिफारिस पत्र सहित प्रयोगशाला शाखामा सम्पर्क गर्ने | तुरुन्त | प्रयोगशाला शाखाका प्राविधिक कर्मचारी | |
| ६. | स्तनपायी आमालाई स्तन्यबर्धक औषधी वितरण | जन्म दर्ता प्रमाण पत्रको छायाँ प्रति र चिकित्सकको सिफारिस | तुरुन्त | बैद्य/वरिष्ठ बैद्य /बैद्य निरिक्षक | |
| ७. | ज्येष्ठनागरिकलाई रसायन वितरण, योग तथा पञ्चकर्म सेवा | नागरिकताको छायाँ प्रति र चिकित्सकको सिफारिस | तुरुन्त | प्राविधिक कर्मचारी | |
| ८. | स्थानिय जडिबुटि पहिचान तथा प्रयोग सम्बन्धि परामर्श | दिउसो २ बजे देखि ५ बजे सम्म शुक्रबार १२ बजे देखि ३ बजे सम्म | तुरुन्त | प्राविधिक कर्मचारी | |

कार्यालयमा जिम्मेवारी बाँडफाँडको विवरण

| सि.नं. | विवरण | निजको | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | नाम, थर | पद | मोबाइल नं. | ईमेल | |
| १. | सूचना अधिकारी /गुनासो सुन्ने अधिकारी | देवेन्द्र आचार्य | वरिष्ठ कविराज निरिक्षक | ९८४६२६९६१६ | acharyadevendra30@yahoo.com | |
| २. | स्टोर शाखा | शेर बहादुर गुरुङ | बैद्य निरीक्षक | ९८४६०९६०३५ | sherbadhur.gurung@yahoo.com | |
| ३. | तथ्यांक शाखा | राजु प्रसाद पौडेल | बैद्य निरीक्षक | 9857626531 | prajuprasad2033@gmail.com | |
| ४ | लेखा तथा प्रशासन | हरि प्रसाद मरासिनी | लेखापाल | ९८५६०५३२५० | Harimarasini30@gmail.com | |

## ६. **सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि:**

| क्र.सं. | सेवाको विवरण | लाग्ने समय | बुझाउनु पर्ने दस्तूर / राजश्व |
|---|---|---|---|
| १. | विरामीको नाम दर्ता | तुरुन्त | निःशुल्क |
| २. | स्वास्थ्य परिक्षण तथा उपचार सेवा | तुरुन्त | निःशुल्क |
| ३. | औषधी वितरण सेवा | तुरुन्त | निःशुल्क |
| ४ | पञ्चकर्म सेवा | तुरुन्त | निःशुल्क |
| ५. | स्तनपायी आमालाई स्तन्यबर्धक औषधी वितरण | तुरुन्त | निःशुल्क |
| ६. | ज्येष्ठनागरिकलाई रसायन वितरण, योग तथा पञ्चकर्म सेवा | तूरुन्त | निःशुल्क |
| ७. | स्थानिय जडिबुटि पहिचान तथा प्रयोग सम्बन्धि परामर्श | तुरुन्त | निःशुल्क |
| ८. | ल्याब सेवा | तुरुन्त | निःशुल्क |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकार:

**प्रचलित कानुन बमोजिम / कार्यालय प्रमुख**

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी:

प्रचलित कानुन बमोजिम/ सुचना अधिकारी

## ९. जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा ले सम्पादन गरेको कामको विवरण:

| सि.नं. | सम्पादित कार्यक्रमको नाम | सम्पादन गरेको मिति | सम्पादन गरेको स्थान | लाभान्वित सेवाग्राही संख्या तथा कार्य सम्पन्न विवरण |
|---|---|---|---|---|
| १ | राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती – २०७९ | २०७९।०७।०६ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | राष्ट्रिय आरोग्य दिवस तथा धन्वन्तरी जयन्ती – २०७९ स्वस्थ पर्यावरण र समुन्नत स्वास्थ्यको लागि आयुर्वेद भन्ने मूल नाराका साथ मनाइयो। साथै स्वास्थ्य सम्बन्धि बिभिन्न जनचेतनामूलक कार्यक्रम योग,आयुर्वेद र स्वस्थ जीवनशेलीको महत्व वारे प्रचार प्रसार गरियो । चिकित्सकीय योगाभ्यास सहित सर्वसाधारणको सहभागिता रहेको थियो । |
| २ | जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | २०७९।०८।१७ गते | श्री शिव पार्वती वृद्धाश्रम तथा बहुउद्देश्यीय संस्था राम्दी, गल्याङ नगरपालिका १ , स्याङ्जा | उक्त कार्यक्रममा ५० जना (महिला –२८ जना, पुरुष- २२ जना) जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणका, सुगर परिक्षण साथै आयुर्वेद औषधीहरु अश्वगन्धा चूर्ण, महानारायण तेल, माना सिरप,Opthacare eye drop, योगराज गुगुल, चन्द्रप्रभावबटी सितोपलादी चूर्ण आदि औषधि खरिद गरि निःशुल्क वितरण गरियो । |
| ३ | स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) | २०७९।०९।०४ गते | साँखर आयुर्वेद औषधालय, चापाकोट नगरपालिका वडा नं. ७ साँखर स्याङ्जा | परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) सञ्चालन गरिएको र परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सिपको अभिलेखीकरण गरी स्याङ्जा जिल्लामा पाइने प्रमुख जडीबुटीहरुको नाम र प्राप्त स्थानको विवरण सहितको सूची तयार गरेको । |

| | | | | |
|---|---|---|---|---|
| ४ | स्वास्थ्य प्रबर्द्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग | २०७९।०९।०५ र ०६ गते | कुवाकोट आयुर्वेद औषधालय, चापाकोट नगरपालिका वडा नं. १० किसान स्याङ्जा | ४६ जना सहभागीहरुलाई आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धी कार्यक्रम सञ्चालन विधि सहितको विषयवस्तु तयार गरी कार्यक्रम सञ्चालन गरियो। नसर्ने रोगको व्यवस्थापनका लागि रोग प्रतिरोधात्मक औषधी तुलसी चिया सेवन गराइयो। आयुर्वेदमा उल्लेख भएका स्वास्थ जीवनशैली योग अभ्यास सम्बन्धी जानकारी प्रदान गरी आफ्नो स्वास्थ्य प्रबर्धनका लागि उपयोगमा ल्याउन प्रेरणा प्रदान गरियो। |
| ५ | राष्ट्रिय योग दिवस-२०७९ | २०७९।१०।०१ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | स्वस्थ जीवनको चाहना योग शिक्षा र साधना भन्ने आदर्श वाक्य सहित राष्ट्रिय योग दिवस २०७९ माघ १ गते स्वास्थ्य सम्बन्धि बिभिन्न जनचेतनामूलक कार्यक्रम सहित सफलताका साथ दिवस मनाइयो। चिकित्सकीय योगाभ्यास सहित सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो। |
| ६ | महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण | २०७९।१०।१५ र १६ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा पुतलीबजार नगरपालिका ३ स्याङ्जा | कार्यक्रममा सहभागी संख्याः २५ जना महिला स्वास्थ्य स्वंयसेविका रहेका थिए। पुतली बजार नगरपालिकामा रहेका महिला स्वास्थ्य स्वयंसेविका हरुलाई आयुर्वेद सेवा प्रवाह सम्बन्धमा अभिमुखीकरण गराएको। |
| ७ | स्वास्थ्य प्रबर्द्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग | २०७९।११।१९ र २० गते | टक्सार स्वास्थ्य चौकी पुतलीबजार नगरपालिका ६ टक्सार स्याङ्जा | सहभागी संख्या २६ जना सहभागीहरुलाई आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धी कार्यक्रम सञ्चालन विधि सहितको विषयवस्तु तयार गरी कार्यक्रम सञ्चालन गरियो |
| ८ | स्वास्थ्य प्रबर्द्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग | २०७९।११।२६ र २७ गते | बिरुवा स्वास्थ्य चौकी बिरुवा गाँउपालिका १ विरुवा बजार स्याङ्जा | सहभागी संख्या ३१ जना सहभागीहरुलाई आयुर्वेद सिद्धान्तमा आधारित स्वस्थ जीवनशैली र योग सम्बन्धी कार्यक्रम सञ्चालन विधि सहितको विषयवस्तु तयार गरी कार्यक्रम सञ्चालन गरियो। |
| ९ | महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण | २०७९।११।१६ र १७ गते | पौवैगौडे स्वास्थ्य चौकी पुतलीबजार नगरपालिका वडा नं.५ पौवैगौडे, स्याङ्जा | कार्यक्रममा सहभागी संख्याः २२ जना महिला स्वास्थ्य स्वंयसेविका पुतलीबजार नगरपालिका वडा न. ५ का **महिला स्वास्थ्य स्वयसेविकाहरुलाई** महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी |

| | | | | |
|---|---|---|---|---|
| | | | | अभिमुखीकरण कार्यक्रम दिएको । |
| १० | जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | २०७९।११।०८ गते | श्री आधारभूत स्वास्थ्य सेवा पुतलीबजार ३ निरबिरे स्याङ्जा | यसमा जम्मा ५३ जना (महिला –४१ जना, पुरुष- १२ जना) जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरी आयुर्वेद औषधीहरु अश्वगन्धा चूर्ण, महानारायण तेल, माना सिरप,Opthacare eye drop, योगराज गुगुल, चन्द्रप्रभावबटी सितोपलादी चूर्ण आदि औषधि खरिद गरि निःशुल्क वितरण गरियो । |
| ११ | निःशुल्क आयुर्वेद तथा वैकल्पिक चिकित्सा स्वास्थ्य शिविर | २०७९।१२।११ गते | आँधिखोला गाँउपालिका वडा नं . ५ जुग्ले बजार, स्याङ्जा । | यस शिविरमा ९० जना पुरुष र १३५ जना महिला गरी जम्मा २२५ जना सेवाग्राहीहरुले सेवा लिनु भएको थियो ।<br>६१ जना सेवा ग्राहीले ल्याव सेवा लिनु भएको थियो ।<br>पञ्चकर्म(पूर्वकर्म )सेवा लिएका सेवाग्राही संख्या ५० जना भएको थियो। |
| १२ | आयुर्वेद सेवा सम्वन्धी क्षमता अभिबृद्धि तालिम | २०७९।१२।२७ र २८ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | यस तालिम कार्यक्रममा आयुर्वेद औषधालयका ८ जना र नागरिक आरोग्य सेवा केन्द्रका ४ जना जिल्लाका स्वास्थ्यकर्मीहरु गरी १४ जना सहभागी रहेको थियो । |
| १३ | संगठित रुपमा योग सञ्चालन (Corporate Yoga) | मितिः२०७९।१२।२८ गते र २०८०।०१।०५ गते/ २०८०।०१।०७ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा/ सरस्वती मा.बि.पुतलीबजार ३ स्याङ्जा | कार्यक्रममा सहभागी संख्याः३५ जना कार्यालय समयमा निरन्तर बसाईबाट हुने तनाब व्यवस्थापन, कम्मर दुखाई, वातव्याधि, आदिको रोकथाम एवं व्यवस्थापनका लागि office voga को रुपमा कुर्चीमै बसी गर्न सकिने योग आसन, प्राणायामहरुको अभ्यास गराएको । संगठित रुपमा योग पोष्टर बनाएको |
| १४ | स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) | मितिः२०८०।०१।२६ गते | खिलुङदेउराली आयुर्वेद औषधालय, भिरकोट नगरपालिका वडा नं. ७ स्याङ्जा | कार्यक्रममा जम्मा ३७ जना सहभागी रहेका थिए ।भिरकोट नगरपालिका अन्तरगत विभिन्न परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) सञ्चालन गरिएको र परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सिपको अभिलेखीकरण गरिएको थियो । |

| | | | | |
|---|---|---|---|---|
| १५ | स्वास्थ्य प्रबर्द्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग | २०८०।०१।२९ र ३० गते | खहरेधनुबाँसे आयुर्वेद औषधालय, वालिङ नगरपालिकावडा नं.१ वालिङ स्याङ्जा | सहभागी संख्या ३० जना सहभागीहरुलाई नसर्ने रोगको व्यवस्थापनका लागि आयुर्वेदिय जीवनशैली आहार विहार योग सम्बन्धि कक्षा संचालन विभिन्न योग अभ्यास गरियो र कार्यक्रममा २८ जना सहभागीहरुको Blood Sugar Test गरिएको थियो। |
| १६ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २०८०।०१।१४ गते | श्री सरस्वती माध्यमिक विद्यालय पुतली बजार नगरपालिका ३ गैरीखेत स्याङ्जा | लाभान्वित सहभागी संख्या- ५४ जना कार्यक्रममा विद्यार्थी तथा शिक्षक शिक्षिकालाई विभागले तयार गरेको Module For Ayurveda and Yoga Education at school मा आधारित रहि कार्यक्रम सम्वन्धमा अभिमुखिकरण गराएको थियो। |
| | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २०८०।०१।२४ गते | श्री काजिमान हरिटिका माध्यमिक विद्यालय पुतली बजार नगरपालिका ३ स्याङ्जा | लाभान्वित सहभागी संख्या- ३९ जना Module For Ayurveda and Yoga Education at school मा आधारित रहि कार्यक्रम सम्वन्धमा अभिमुखिकरण गराएको थियो। |
| | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २०८०।०१।२५ गते | श्री पाणिनी गुरुकुल पुतली बजार नगरपालिका १४ स्याङ्जा | लाभान्वित सहभागी संख्या- २१ जना Module For Ayurveda and Yoga Education at school मा आधारित रहि कार्यक्रम सम्वन्धमा अभिमुखिकरण गराएको थियो। |
| | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | २०८०।०१।२७ गते | श्री श्रवण माध्यमिक विद्यालय पुतली बजार नगरपालिका १४ स्याङ्जा | लाभान्वित सहभागी संख्या- ३४ जना Module For Ayurveda and Yoga Education at school मा आधारित रहि कार्यक्रम सम्वन्धमा अभिमुखिकरण गराएको थियो।<br>कुल लाभान्वित संख्या १४८ जना |
| १७ | स्थानीय तहको सहकार्यमा परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडीबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमुखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) | मितिः२०८०।०२।०७ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | कार्यक्रममा जम्मा २० जना सहभागी रहेका थिए। पुतलीबजार नगरपालिका अन्तरगत विभिन्न परम्परागत स्वास्थ्यकर्मीहरुलाई स्थानीय जडिबुटीहरुको पहिचान, संरक्षण, प्रयोगका लागि अभिमूखीकरण कार्यक्रम (पुस्ता हस्तान्तरण) सञ्चालन गरिएको र परम्परागत स्वास्थ्यकर्मीहरुको ज्ञान तथा सिपको अभिलेखीकरण गरिएको थियो। |

| | | | | |
|---|---|---|---|---|
| १८ | स्वास्थ्य प्रबर्द्धनका लागि जीवनशैली परिवर्तन कार्यक्रम तथा योग | २०८०।०२।१९ र २० गते | आँधीखोला गाँउपालिका, २ नं. वडा कार्यालय चिलाउनेबास, स्याङ्जा | सहभागी संख्या ३० जना सहभागीहरुलाई नसर्ने रोगको व्यवस्थापनका लागि आयुर्वेदिय जीवनशैली आहार विहार योग सम्बन्धि कक्षा संचालन विभिन्न योग अभ्यास गरियो |
| १९ | महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण | २०८०।०२।१२ र १३ गते | अर्जुनचौपारी गाँउपालिका वडा नं.१ अर्जुनचौपारी स्याङ्जा | कार्यक्रममा सहभागी संख्याः ३५ जना महिला स्वास्थ्य स्वंयसेविका । अर्जुनचौपारी गाँउपालिकामा रहेका विभिन्न वडाका महिला स्वास्थ्य स्वयसेविकाहरुलाई महिला स्वास्थ्य स्वयसेविकाहरुका लागि आयुर्वेद सम्बन्धी अभिमुखीकरण कार्यक्रम दिएको । |
| २० | अन्तर्राष्ट्रिय योग दिवस/विश्व योग दिवस २१ जुन २०२३ | २०८०।०३।०६ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | विश्व योग समारोह समिति स्याङ्जाको आयोजनामा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जामा नवौ अन्तर्राष्ट्रिय योग दिवस मानवताका लागि योग भन्ने मूल नाराका साथ मनाइयो । यस कार्यक्रममा जिल्ला प्रशासन कार्यालय स्याङ्जाका प्रमुख जिल्ला अधिकारी श्री शशिधर घिमिरे ज्यूले अध्यक्षता गर्नु भएको थियो ।सहभागीहरुलाई चिकित्सकीय योगाभ्यास सहित योग,आयुर्वेद र स्वस्थ जीवनशेलीको महत्व वारे प्रचार प्रसार गरेको थियो । |
| २१ | जेष्ठ नागरिक आरोग्य सेवा कार्यक्रम | २०८०।०३।०१९ गते | श्री हरिहर मन्दिर तथा जेष्ठनागरिक सेवा केन्द्र पुतलीबजार ७ रेग्मीडाँडा स्याङ्जा | यसमा जम्मा ४९ जेष्ठगरिकको स्वास्थ्य परीक्षण गरी आयुर्वेद औषधीहरु अश्वगन्धा चूर्ण, महानारायण तेल,,Opthacare eye drop, योगराज गुगुल, चन्द्रप्रभावबटी सितोपलादी चूर्ण आदि औषधि खरिद गरि निःशुल्क वितरण गरियो साथै ४९ जनाकै सुगर जाँच गरियो । |
| २२ | आयुर्वेद सेवा कार्यक्रम सम्वन्धी समन्वयात्मक समिक्षा गोष्ठी | २०८०।०३।२८ गते | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | सहभागी संख्याः २२ जना |

**पूँजीगत कार्यहरुः**

- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जाको भवन रंगरोगन कार्य सम्पन्न भएको ।
- कार्यालयको निम्ति आवश्यक फर्निचर फिक्चर्स खरिद गरिएको ।
- कार्यालयको निम्ति आवश्यक मेशिनरी औजारहरु खरिद गरिएको ।

## बिरामी तथ्याङ्क विवरण

| District Ayurveda Health Center Syangja | | | |
|---|---|---|---|
| Total Client Served Female/Male | | | |
| F/Y 2079.80 | | | |
| periodname | Total Client Served Female | Total Client Served Male | Total |
| Shrawan 2079 | 590 | 387 | 977 |
| Bhadra 2079 | 513 | 348 | 861 |
| Ashwin 2079 | 414 | 299 | 713 |
| Kartik 2079 | 340 | 257 | 597 |
| Mangsir 2079 | 402 | 285 | 687 |
| Poush 2079 | 446 | 271 | 717 |
| Magh 2079 | 584 | 360 | 944 |
| Falgun 2079 | 503 | 376 | 879 |
| Chaitra 2079 | 778 | 548 | 1326 |
| Baishak 2080 | 511 | 320 | 831 |
| Jestha 2080 | 670 | 397 | 1067 |
| Asar 2080 | 548 | 302 | 850 |
| **Total** | **6299** | **4150** | **10449** |

- **नोटः आ.ब.२०७९।८० जम्मा सेवाग्राही संख्या महिला ६२९९ जना र पुरुष ४१५० गरी जम्मा १०४४९ जना रहेको छ ।**

| District Ayurveda Health Center Syangja | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| OPD - Total New Female/Male and OPD - Total Repeated Female/Male | | | | | | | |
| **F/Y 2079.80** | | | | | | | |
| periodname | OPD - Total New Female (Sum of all diseases) | OPD - Total New Male (Sum of all diseases) | Total New | OPD - Total Repeated Female (Sum of all diseases) | OPD -Total Repeated Male (Sum of all diseases) | Total Repeated | **Total** |
| Shrawan 2079 | 524 | 325 | 849 | 66 | 62 | 128 | **977** |
| Bhadra 2079 | 374 | 243 | 617 | 139 | 105 | 244 | **861** |
| Ashwin 2079 | 275 | 183 | 458 | 139 | 116 | 255 | **713** |
| Kartik 2079 | 214 | 161 | 375 | 126 | 96 | 222 | **597** |
| Mangsir 2079 | 228 | 197 | 425 | 174 | 88 | 262 | **687** |
| Poush 2079 | 251 | 158 | 409 | 195 | 113 | 308 | **717** |
| Magh 2079 | 365 | 196 | 561 | 219 | 164 | 383 | **944** |
| Falgun 2079 | 286 | 219 | 505 | 217 | 157 | 374 | **879** |
| Chaitra 2079 | 542 | 354 | 896 | 236 | 194 | 430 | **1326** |
| Baishak 2080 | 258 | 160 | 418 | 253 | 160 | 413 | **831** |
| Jestha 2080 | 359 | 221 | 580 | 311 | 176 | 487 | **1067** |
| Asar 2080 | 282 | 167 | 449 | 266 | 135 | 401 | **850** |
| **Total** | **3958** | **2584** | **6542** | **2341** | **1566** | **3907** | **10449** |

## कार्यक्रम अनुसार विरामी तथ्याङ्क

| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र स्याङ्जा | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रम अनुसार सेवाग्राहीको मासिक संख्या | | | | | | | | | |
| आ.ब.२०७९।०८० | | | | | | | | | |
| क्र.स. | महिना | स्तनपायी आमा सेवा कार्यक्रम | जेष्ठ नागरिक स्वास्थ्य प्रवर्धन कार्यक्रम | पंचकर्म कार्यक्रम | प्रयोगशाला परिक्षण | निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर | कर्पोरेट योगा कार्यक्रममा सहभागी | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | कार्यक्रम सहित कुल जम्मा |
| १ | श्रावण | 5 | 43 | 10 | 28 | | | | 86 |
| २ | भदौ | 7 | 23 | 10 | 36 | | | | 76 |
| ३ | असोज | 4 | 24 | 6 | 26 | | | | 60 |
| ४ | कार्तिक | 5 | 20 | 6 | 20 | | | | 51 |
| ५ | मंसीर | 15 | 64 | 40 | 47 | | | | 166 |
| ६ | पुष | 12 | 10 | 48 | 27 | | | | 97 |
| ७ | माघ | 6 | 86 | 56 | 100 | | | | 248 |
| ८ | फागुन | 9 | 28 | 30 | 94 | | | | 161 |
| ९ | चैत्र | 10 | 9 | 98 | 135 | 215 | 14 | | 481 |
| १० | बैशाख | 6 | 10 | 22 | 43 | | 21 | 148 | 250 |
| ११ | जेष्ठ | 4 | 7 | 39 | 57 | | | | 107 |
| १२ | असार | 6 | 5 | 12 | 97 | | | | 120 |
| | **जम्मा** | **89** | **329** | **377** | **710** | **215** | **35** | **148** | **1903** |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद:

निमित्त कार्यालय प्रमुखको नाम: श्री देवेन्द्र आचार्य
पदः वरिष्ठ कविराज निरीक्षक

यस कार्यालयका सूचना अधिकारिको नाम: श्री देवेन्द्र आचार्य
पदः वरिष्ठ कविराज निरीक्षक
सम्पर्क नं. ९८४६२६९६१६

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सुची:

- राष्ट्रिय स्वास्थ्य नीति २०७१
- राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति २०५२
- आयुर्वेद चिकित्सा परिषद,ऐन, २०४५
- नेपाल स्वास्थ्य सेवा ऐन , २०५३
- नेपाल स्वास्थ्य सेवा नियमावली २०५५
- आयुर्वेद सेवा कार्यक्रम सञ्चालन निर्देशिका
- प्रदेश स्तरमा संचालन गरिने आयुर्वेद कार्यक्रमहरुको कार्य सञ्चालन मार्गदर्शन
- स्थानिय तहबाट संचालन गरिने आयुर्वेद कार्यक्रमहरुको कार्य सञ्चालन मार्गदर्शन
- स्वास्थ्य संस्था स्थापना संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धि निर्देशिका

**१२ आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण**

**आ.ब२०७९।८० को भौतिक तथा वित्तिय प्रगति विवरण**

| सि.न. | विवरण | वार्षिक स्वीकृत | भौतिक प्रगति | हाल सम्मको खर्च | |
|---|---|---|---|---|---|
| | | बजेट | प्रतिशत | रकम रू हजारमा | प्रतिशत |
| १ | आयुर्वेद केन्द्रहरु(३५५०८००१४) पुँजीगत | 1200.00 | 100.00 | 1197.50 | 99.79 |
| २ | आयुर्वेद केन्द्रहरु(३५५०८००१३) चालु विकास कार्यक्रम | 3000.00 | 80.00 | 2499.61 | 83.32 |
| ३ | आयुर्वेद केन्द्रहरु(३५५०८००१३) चालु उपभोग तलब | 6796.00 | 92.68 | 5532.19 | 81.40 |
| ४ | आयुर्वेद सेवा कार्यक्रम ( संघ शसर्त अनुदान ३५५९११३०३) | 5505.00 | 100.00 | 5055.98 | 91.84 |
| ५ | कार्यक्रम(संघ शसर्त अनुदान)(३५५९११३३३) | 360.00 | 100.00 | 276.03 | 76.68 |
| | **जम्मा** | **16861.00** | **90.63** | **14561.31** | **86.36** |

१३. **तोकिए बमोजिम अन्य विवरण:**

✍ नभएको

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भएसो को विवरण:**

नभएको

१५. **सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण:**

✍ यस कार्यालयको वेबसाईट:- https://ahcsyangja.gandaki.gov.np/

✍ facebook.com / dahcsyan@gmail.com

✍ Email. dahcsyan@gmail.com

✍ कार्यालय सम्पर्क नं. ०६३४२३२७२/९८५६०५३२७२

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

✍ नलिएको

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति:**

✍ बुँदा नं ९ मा उल्लेख गरिसकेको

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सुचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**

✍ यस कार्यालयबाट सम्पन्न भएका प्रसाशनिक कार्य अन्य नियमित कार्यहरुको विवरण सम्बन्धीत शाखाहरुमानै सुरक्षित गरि राखिएको छ |

१९.**सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

✍ नभएको ।

२०.**सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को विवरण:**

✍ नभएको